मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२


प.सं. कृषि-२०७८/७९

## मकैको उन्नत बीउ माग गर्ने सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/२६**

मन्थली नगरपालिकाको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **अनुदानमा उन्नत बीउ वितरण (मकै, धान)** अन्तरगत ५०% अनुदानमा मकैको उन्नत बीउ वितरण गर्ने कार्यक्रम रहेकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०७८/०९/१७ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

**आवश्यक कागजातहरुः**

१. खेती गरिने जग्गाको क्षेत्रफल, मकैको जात र परिमाण उल्लेखित कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. संस्थागत निर्णयको प्रतिलिपि ।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको) ।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक भएको पत्रको प्रतिलिपि ।
६. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना कार्यक्रम माग गर्ने सम्बन्धी सुचना ।

### दोस्रो पटक प्रकाशित मिति २०७८/०८/२६

मन्थली नगरपालिकाको सशर्त तर्फको आ.व. ०७८/७९ को कार्यक्रम अनुसार **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना** कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह, कृषि सहकारी, जल/वन उपभोक्ता समितिलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७८/०९/११ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित वडा कार्यालय वा मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ ।

| क.सं. | कार्यक्रम विवरण | क्षेत्रफल | बजेट रु. | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | मकै बाली पकेट स्थापना कार्यक्रम | ३०० रोपनी | १२,००,०००।- | परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम ५०% देखि १००% सम्म । |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. संस्थागत निर्णयको प्रतिलिपि ।
४. प्रस्तावित पकेट क्षेत्रको जग्गा धनी पुर्जाको प्रतिलिपि ।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
६. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. सिंचाई, सडक, विद्युत, सेवा प्रदायक संस्था लगायतका पूर्वाधारहरुको विवरण ।
८. तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुन सक्ने वा एउटै गाउँ/टोल/बस्ती/क्लष्टर विवरण ।
९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको पकेट स्थापना अनुसुची ६, ७, १० बमोजिमको विवरण । (अनुसुचीहरु सम्वन्धित वडा कार्यालय वा नगरपालिकाको वेबसाइट www.manthalimun.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## बिज वृद्धि कार्यक्रम माग गर्ने सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/२६**

मन्थली नगरपालिकाको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साझेदारीमा बिज वृद्धि प्रवर्द्धन** कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७८/०९/११ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | साझेदारीमा बिज वृद्धि प्रवर्द्धन (मकै, धानको मूल बीउ, बीउ भण्डारण, प्याकेजिङ आदिमा सहयोग) | पटक | १ | ५०% वा बढीमा १ लाख । |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. संस्थागत निर्णयको प्रतिलिपि ।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको) ।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक भएको पत्रको प्रतिलिपि ।
६. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. बिज वृद्धि गरिने क्षेत्रफललाई आवश्यक पर्ने मकै र धान बालीको जात र परिमाण उल्लेखित विवरण ।
८. न्यूनतम ४० रोपनी क्षेत्रफलको जग्गाको कित्ता नं. उल्लेखित चक्लाबन्दी विवरण र जग्गाधनी पुर्जाको प्रतिलिपि ।
९. बीउ उत्पादन सम्बन्धी तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत